# आर्थिक वर्ष २०७५/०७६
# को
# नीति तथा कार्यक्रम

## जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मिसेरा, बगलुङ
## २०७५

## तेस्रो नगर सभाको बैठकमा नगर प्रमुख श्री इन्द्रराज पौडेलबाट प्रस्तुत
## नीति तथा कार्यक्रम
## २०७५ साल असार १० गते
## आइतबार

# आर्थिक बर्ष २०७५/०७६ को
# जैमिनी नगरपालिकको नीति तथा कार्यक्रम

**आदरणीय ,**
**सभाध्यक्षज्यू, नगर सभाका सदस्य ज्यूहरू,**

जैमिनी नगरपालिकाको यो गरिमामय तेस्रो नगरसभाको वैठकमा आगामी आ.व. २०७५।७६ को लागि नीति तथा कार्यक्रम सम्वोधन गर्न पाउदा म निकै गौरवान्वित भएको छु । लोकतन्त्र प्राप्तिको संघर्षमा जीवन उत्सर्ग गर्नुहुने शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रियता लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदान प्रति उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

विगत लामो समयदेखि हुंदै आएका राजनैतिक परिवर्तनहरुको परिणाम स्वरुप नेपाल एकल राज्य प्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा परिणत भैसकेको छ । वि.सं. २००७ साल, २०३६ साल, २०४६ साल र २०६२/६३ सालमा भएका क्रान्ति र जनआन्दोलनको परिणाम स्वरुप संविधान सभाबाट संविधान जारी गर्ने नेपाली जनताको करिब साढे छ दशक लामो चाहना २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएसँगै पुरा भएको छ । संविधानले नेपाललाई एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्थापित गरेको छ । स्वायत्तता र स्वशासनको अधिकारलाई संविधानले प्रस्तावनाबाटै आत्मसात गरेको छ । नेपालको संविधानले संघीय शासन व्यवस्था अन्तरगत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहलेगर्ने गरी तीन वटै तहको एकल तथा साझा अधिकार किटान गरेको छ । तीनवटै तहका सरकाले संविधान र कानूनको सीमाभित्र रही स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर पाएका छन ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था रहेको छ । यी तीन वटै तहबीचको सम्बन्ध, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । संघीय सरकारबाट स्थानीय सरकार संचालन नियमावली र स्थानीय सेवा ऐनको तर्जुमा भैरहेको अवस्था विद्यमान छ । संघीय संरचना अनुसार स्थानीय तहको गठन गर्दा आवश्यक पर्ने न्यूनतम पूर्वाधार समेत नवनिसकेको अवस्था, आवश्यक जनशक्तिको कमी, आवश्यक ऐन, कानून, नियम, कार्यविधि र निर्देशिकाहरुको अप्रयाप्तता जस्ता कारणहरुबाट वामे सर्दै अगाडि वढेको जैमिनी नगरपालिकाले संघ, प्रदेशबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँड, आन्तरिक आयको रकमलाई व्यवस्थित गर्दै पूर्वाधार

विकासका आधारशिला तयार गर्न शुरु गरेको छ । सामाजिक र आर्थिक विकासको क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गराउदै जनतासँग पुर्‍याउन विशेष जोड दिईएको छ । चालु वर्षको यस अवधी सम्म आइपूग्दा नगरपालिकाबाट संचालित सवै योजना तथा कार्यक्रमहरुको कार्यान्वयनबाट प्राप्त गरेका सकारात्मक उपलब्धीहरु, नगरस्थित विभिन्न राजनैतिक दलका अग्रजहरु, बुद्धिजीवि, समाजसेवी, नागरिक समाजबाट प्राप्त राय सुझावलाई मनन् गरिनुका अतिरिक्त यस नगरपालिकालाई आगामी आ.व. २०७५।७६ मा संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकमा प्राप्त हुने रकम, र नगरपालिकाको आन्तरिक आय समेतलाई मध्येनजर गरी आगामी आर्थिक वर्षमा नगरपालिकाबाट सम्पादन गरिने सवै प्रकारका योजना तथा कार्यक्रमहरु अगाडि वढाउने लक्ष्यका साथ यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

१ संघीय राज्य प्रणालीबाट विश्वका केही मुलुकहरु सुशासनयुक्त सम्पन्न र शक्तिशाली वन्न पुगेका छन् । हाम्रो देश नेपालमा पनि संघीय माध्यमबाट नै प्रगतिमा पुग्ने लक्ष्य राखिएको छ । स्थानीय तहको शक्ति हस्तान्तरण र श्रोत परिचालनबाट छिटो प्रगति हुने विश्वास संविधानले लिएको छ । हाम्रा जस्ता नयाँ नगरपालिकाहरुले श्रोत जुटाउन र त्यसको परिचालन गर्न त्यति सहज छैन् तथापि जनश्रम, प्रत्यक्ष र अप्रत्यक्ष करको खोजिबाट स्थानीय तहलाई आत्म निर्भर वनाउन कोसिस गरिने छ । जनताका सेवालाई सहज र सरल वनाउन सुशासनमा वढी ध्यान दिइने छ । हामीसँग प्राप्त श्रोत साधनलाई वढी भन्दा वढी प्रयोग गरेर जनप्रतिनिधिहरुको निगरानीमा जनउपयोगी वनाइने छ । कर्मचारी र जनप्रतिनिधिको सामूहिक प्रयासबाट लोकतान्त्रिक मूल्य र मान्यतालाई जनताको नजिक पुर्‍याईने छ । आर्थिक सीमा निर्धारण गर्दा वडाको आवश्यकता, समपुरक कोष, "**निरन्तर समानुपातिक समग्रविकास"** विषयगत उपलब्धिलाई ध्यानमा राखेर विनियोजन गर्ने नीति लिइनेछ ।

२ लामो समय सम्म स्थानिय तह जनप्रतिनिधि विहीन रहेको अवस्था विद्यमान थियो । यसवाट जन्मिएका कतिपय असजिलाहरु अहिले पनि विद्यमान छन् । यी असजिलाहरुलाई कर्मचारी र जनप्रतिनिधिहरुको संयुक्त प्रयासवाट सहजतामा वदल्न प्रयास गरिनेछ । सवै वडा कार्यालय र नगरपालिका समेत नागरिक मैत्री हुनेछन् । स्थानिय तहमा जाँदा हुन सक्ने कर्मचारी मित्रहरुको मानसिक द्विविधालाई जनप्रतिनिधिहरुको संहिष्णु र मैत्रीपूर्ण व्यवहार साथै राष्ट्रसेवाको माध्यमवाट उर्जाशिल वनाईने छ । इमान्दारिता, कर्तव्यपरायणता र पारदर्शिता कार्य सम्पादनका माध्यम हुने छन् । शिक्षा जनचाहना अनुकुलको र विद्यार्थी मैत्री हुने छ । स्वास्थ्य सेवाहरुलाई समयानुकुल र जनउपयोगी वनाइने छ । युवाहरुलाई स्वरोजगारउन्मुख हुन उत्प्रेरित गरिने छ ।समयमा कार्य सम्पादन गर्न र गुणस्तरीय कार्य गर्न रोजगार मुलक तालिमहरु संचालन गरिनेछन ।

३ पूर्वाधारहरुको निर्माणमा सडकलाई पहिलो प्राथमिकता दिइने छ । यसका लागि "**नगरस्तरीय सडक गुरुयोजना"** बनाइनेछ । छुटेका मुख्य ट्याक, सडकका आन्तरिक ट्याक जोडने नीति लिइनेछ । पक्की नाली निर्माण र स्थानीय ग्रावेल पनि गर्ने दीगो विकासको नीति लिइनेछ । पानी र खेतमा निर्माण भएका सडकलाई छिटो स्तरोन्नति गर्ने नीति लिइनेछ । नगरपालिकाका मुख्य सडकहरुको स्तरोन्नति गर्नका लागि यो आर्थिक वर्षबाट नै (२०७५।७६) कामको थालनी गरिने छ । चार वर्ष

भित्रमा नगरपालिका भित्रका मुख्य सडकहरु सदरमुकाम (नगरपालिका सदरमुकाम) बाट नाली र ग्रावेलयुक्त भएर बाह्रै महिना सुगमतासँग यातायात सन्चालन हुने गरि वनाइने छ । जैमिनी नगरपालिकाको सडकलाई चक्रपथ(रिङरोड)बाट आवद्ध वनाउने लक्ष्य राखिएको छ । थप चार वर्षमा नगरपालिकाका प्रमुख सडकहरु कालोपत्रे समेत हुनसक्ने लक्ष्य नगरपालिकाको छ । नगरपालिकाको सदरमुकामलाइ व्यवस्थित गरी यसै आ.व.मा आम नगरवासीले परिर्वतनको अनुभुती हुने गरी कार्य गरिनेछ । आगामी आर्थिक वर्षमा नै कक्षा ८ सन्चालित सवै विद्यालयलाई सडक सन्जालले जोड्ने नीति लिईनेछ । ५ नं. प्रदेशबाट यस नगरपालिकामा प्रवेश गर्ने उपयुक्त स्थानमा आर्कषक प्रवेशद्वार निर्माण गरिनेछ ।  एवं रितले थप चार वर्षमा (१-५, १-३) आधारभूत विद्यालयहरुलाई पनि सडक सन्जालले जोड्दै लगिने छ । नगरपालिकाको आय वृद्धि गर्न मद्दत गर्ने नदी किनाराका सवै नाकाहरु सडक सन्जालमा आवद्ध गराईनेछ ।

४ नगरपालिका स्थित सवै माध्यामिक र आधारभूत विद्यालयहरुलाई भौगोलिक अवस्था, जनसंख्या, आवश्यकता र विद्यार्थी संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी एकीकृत(मर्ज) गर्ने नीति अवलम्बन गरिनेछ साथै विद्यालयहरुलाई स्रोत साधनको उपयुक्त व्यवस्थापनमा जोड दिदै गुणस्तरीय शिक्षा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । नगरको एक मात्र शान्तिदिप वहुमुखी क्याम्पसको पूर्वाधार विकास लगायतका अन्य व्यवस्थापकीय कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ । अंग्रेजी माध्यममा कक्षा सन्चालन गर्ने विद्यालयलाई शैक्षिक व्यवस्थापन रकम उपलब्ध गराईनेछ । श्रोत केन्द्रहरु आर्कषक बनाइने छन । वालविकास केन्द्रलाई सहुलियत प्रदान गरिनेछ । खुला अथवा सामुदायिक विश्व विद्यालयको स्थापनामा आवश्यक पहलकदमी गरिनेछ ।

५ नगरपालिका क्षेत्रमा रहेका नदी र खोला भित्रका अति आवश्यक स्थानहरुमा सरोकारवाला निकाय र साझेदार संस्थाहरुको सहकार्यमा झोलुङ्गेपुल निर्माण गर्ने कार्य यसै वर्षबाट प्रारम्भ गरिनेछ । फड्के र साघु भएका स्थानहरुलाई क्रमशः झोलुङ्गेपुल तथा ट्रष्ट पुलको माध्यमबाट प्रतिस्थापन गरिदै लगिनेछ ।

६ उच्च सम्भावनायुक्त प्राकृतिक स्थानहरुको पर्यटन पूर्वाधारको विकास गरी पर्यटन एवं व्यवशायिक क्षेत्रलाई आवद्ध गरी सार्वजनिक निजी क्षेत्रको सहकार्यात्मक सम्बन्ध विकास गर्दै आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ । नगरपालिका स्थित धार्मिक तथा पर्यटकीय सम्भावनाहरु वोकेका क्षेत्रहरु माइकाथान, वेलवगर राधाकृष्ण मन्दिर, गाईथुनेघाट, जैमिनीधाम, कमलजैशी मन्दिर, हाडीकोट, पुरानो गाँउ, गाजाको दह जस्ता क्षेत्रलाई धार्मिक एवं रमणीय स्थलको रुपमा प्रवर्द्धन गर्दै आन्तकि तथा वाह्य पर्यटकलाई आर्कषित गर्दै लगिने छ । हाँडीकोटमा आकर्षक भ्युटावर निर्माणको कार्य यसै वर्षदेखि थालनी गरिनेछ । र पदमार्ग निर्माणमा निरन्तरता दिइनेछ ।

७ संघ तथा प्रदेश सरकारसँगको सहकार्यबाट भूमिको प्रकृति, उत्पादनशीलता प्राकृतिक तथा बातावणीय अनुकुलताको आधारमा कृषि क्षेत्रको  विविधीकरण व्यवशायीकरण र आधुनिकीकरणका कार्यक्रमलाई विशेष जोड दिइने छ । **"नगर प्रमुख वातावरण मैत्री कृषि वडा नमुना कार्यक्रम"** थालनी गरी प्राङ्गारिक कृषि तरकारी, माछा, मासु, आलु, दुग्ध जन्य पदार्थ तथा फलफुलका क्षेत्रमा स्थानीयको माग वमोजिम उत्पादन वृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर हुने नीति लिइने छ ।

अर्गानिक खेतीको माध्यमबाट कृषकहरुलाई आकर्षित गर्दै कृषकहरुलाई उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषि तालिम, प्रचार, प्रसार, उन्नत विउ, साना सिचाई लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । अर्गानिक खेतीको प्रचार प्रसार र पुराना खेतीहरु कोदो, मकै र पुराना धानहरुको खोजी अनुसन्धान गर्दै आधुनिक खेती प्रणाली र नगदेवालीको प्रवर्धनमा विशेष जोड दिने नगरपालिकाको कृषि नीति रहेको छ । साथै बाँदर नियन्त्रण प्रविधिमैत्री वैज्ञानिक उपायको खाजी गरिनेछ । जसबाट नगरपालिका खाध्यान्नमा आत्मनिर्भर वन्न सक्ने विश्वास लिईएको छ । गरीबीको रेखा भन्दा तल रहेका किसानलाई उत्पादनसँग जोड्न कार्यक्रम ल्याईने छ । जसले गरीबी न्युनीकरण गर्न मद्धत गर्नेछ । यस्तै प्रचुर उत्पादन बृद्धि गर्न महिला समूह, युवा समूहलाई पनि प्रसस्त अनुदान रहेको कृषि तथा पशुजन्य उत्पादन कार्यक्रम ल्याइनेछ । जसबाट संवृद्धि र सशक्तीकरणमा टेवा पुग्नेछ । व्यवसायिक सहकारीहरुको प्रवर्द्धन गरिनेछ ।

८ सिंचाई, खानेपानी घोरेटो बाटाहरुको पनि आवश्यकता पहिचान गरेर थप व्यवस्थित गर्न नगरपालिकाले विशेष ध्यान दिनेछ । विद्यालयहरुको मर्मत संभार, गृहविहिनहरुको तथ्याङ्क सङ्कलनका साथै यो वर्षबाट नै गृह निर्माणको थालनी गरिनेछ । लोपोन्मुख एवं गरीबीको रेखामुनी रहेका मानिसहरुको वास्तविक पहिचान, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खोजी र दीर्घ र खर्चिला (मृगौला,क्यान्सर,कलेजो र मुटु ) रोगहरुवाट पीडित मानिसहरुलाई सरल ढङ्गले उपचारको खोजी, बाटाखर्चको व्यवस्था र सहयोगको वातावरण निर्माण गरिने छ । समाजमा पछाडी परे पारिएका जाति र समुदाय, महिला, एकल महिला, अपाङ्ग, वालवालिकाको हक हितको संरक्षण र संवर्धन गरिने छ । विद्वान तथा समाजसेवीहरुको सम्मान गरिनेछ ।

९ नगरपालिकालाई सरसफाइ र सुन्दरता युक्त बनाउन **"सुन्दर गाँउ टोल अभियान"** का माध्यमबाट प्रत्येक घरलाई पुरस्कार प्राप्त गर्न क्रियाशिल वनाईने छ । यसै गरेर विद्यालयहरुलाई **"मनग्य सिकाइ शान्त सुन्दर विद्यालय"** को अभियानबाट प्रतिस्पर्धी गराइने छ । कक्षा ८, कक्षा ५ र कक्षा ३ का बार्षिक परीक्षाहरु नगरपालिकास्तरीय बनाउने शैक्षिक नीति लिईने छ । वातावरण मैत्री विकास निर्माणका काममा पनि वडा वडा विचको तुलना र मुल्याङ्कन गरी विभिन्न विद्यामा पुरस्कृत गरिने छ । मदिराजन्य पेय वस्तु र दुर्व्यशनी जस्ता विकृतिबाट जनस्वास्थ्य र जनहितमा असर पर्न नदिन चेतनामूलक र व्यावहारिक क्रियाकलापहरु सन्चालन गरिनेछन् । मदिरा र सुर्तिजन्य वस्तुको विक्रि वितरणलाई नियमन गरिनेछ । नगरपालिकालाई नमुना नगरपालिका, सुन्दर नगरपालिका बनाउन "**विकास वचाउ अभियान"** संचालन गराउन जनप्रतिनिधीहरु कर्मचारीहरु राजनितीक पार्टीका नेता तथा कार्यकर्ताहरु आम नागरिकहरुको उत्साहजनक सहभागिता जुटाईनेछ ।

१० काली गण्डकी कोरिडोरलाई आर्थिक र विशेष औधोगिक क्षेत्रको निर्माणको संम्भाव्यता अध्ययन गर्न संघ र प्रदेश सँग माग गरिने छ । त्यसका लागि उपयुक्त स्थानमा औद्योगिक ग्राम निर्माण गर्न पहल गरिने छ ।

११ हाम्रो ध्यान समृद्ध जैमिनी नगरको निर्माणमा केन्द्रित भएको छ । नगरपालिकालाई समृद्ध, आधुनिक बनाउनका लागि विभिन्न नीतिगत उद्धघोषहरु सहित कार्यात्मक सुधारमा जोड दिइनेछ ।

१२ नगर क्षेत्रको सम्पूर्ण विवरण खुल्ने गरी नगर प्रोफायल तयार गरी आगामी वर्षको बजेट तथा योजना तर्जुमा कार्यलाई अझ थप व्यवस्थित बनाइनेछ ।

१३ स्थानीय तह सञ्चालनका लागि आवश्यक विभिन्न अल्पकालीन तथा दीर्घकालिन योजनाको निर्माण र आवश्यक कार्यविधि, निर्देशिकाहरुको तर्जुमा गरी नगरपालिकाको कार्यलाई व्यवस्थित बनाइनेछ ।

१४ नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड वापतको रकम समपूरक अनुदान, विशेष अनुदान, वित्तीयहस्तान्तरण, प्राकृतिक स्रोतको रोयल्टी वापदको रकम, आन्तरीक तथा संघीय सरकारवाट प्राप्त हुने ऋण लगायत आन्तरिक श्रोतहरुको प्रभावकारी परिचालन गरिनेछ ।

१५ घर भाडा, व्यवसाय तथा सवारी साधनको लगत तयार गरी करको दायरामा ल्याउनुका साथै नेपाल सरकारका राजश्व संकलन गर्ने निकायहरुसँग आवश्यक समन्वय गरी आन्तरिक स्रोतको प्रवर्द्धन गरिनेछ ।

१६ स्वेच्छिक रुपमा कर तिर्ने मनस्थितिको विकास गर्न सम्बन्धित क्षेत्रबाट उठेको करलाई सम्बन्धित क्षेत्रकै विकासमा आवद्ध गर्नेतर्फ ध्यान दिदै करदाता सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ ।

१७ आन्तरिक श्रोतहरुको खोजी गर्दै एकीकृत सम्पत्ति कर २०७५ साल श्रावण १ बाट लागु गरिने छ । यसलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै जाने नीति अबलम्बन गरिनेछ ।

१८ सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सेवाग्राही पहुंचलाई सरल एवं सहज बनाउन, सूचना प्रवाह, सूचना प्रविधिको प्रयोग, ईगभर्नेन्सको प्रयोग, सेवाग्राहीमैत्री संरचना, काम प्रति प्रतिवद्ध कर्मचरीतन्त्रको विकास गरि सुशासनको प्रत्याभुति प्रदान गरिनेछ । जैमिनी नगरपालिकाले कुनै पनि क्षेत्रमा हुने कुनै पनि स्वरुपको भ्रष्टचारलाई सहदैन । भ्रष्टचार गर्ने र गराउने दुवैलाई दण्डित गरिनेछ । जुनसुकै क्षेत्रमा हुने भ्रष्टचारजन्य क्रियाकलापलाई समेत कानूनी दायरामा ल्याउने गरी प्रक्रिया अगाडि वढाइनेछ । गलत कार्य रोक्न सूचना दिनेलाई साक्षी संरक्षणको नीति अबलम्बन गरिनेछ ।

१९ योजना बन्ने तर समयमै नहुने प्रवृतिको अन्त्य गरिनेछ । योजना कार्यान्वयनका लागि बार्षिक कार्ययोजना बनाई नतिजा प्राप्तिलाई सुनिश्चित गरिनेछ । नीति तर्जुमादेखि कार्यान्वयन सम्मका सवै चरणलाई पारदर्शी, जवाफदेही र पुर्वानुमान योग्य बनाईनेछ । अनुगमन र मुल्याङ्कनलाई थप प्रभावकारी बनाईनेछ । नगर तथा वडास्तरीय अनुगमन समितिको भूमिकालाई अझै क्रियाशिल बनाईनेछ ।

२० सुशासन, मौलिक हक, मानव अधिकारको प्रवर्द्धन, विधिको शासन स्थापना गर्ने कार्यदिशा तय गरिएको छ ।

२१ प्रत्येक वडा कार्यालयलाई पूर्वाधार सम्पन्न बनाई सेवा प्रवाहलाई व्यवस्थित बनाईनेछ । वडास्तरसम्म ईमेल, इन्टरनेटको सुविधा सहज बनाईनेछ ।

२२ नगरपालिका निर्माणका लागि अन्य स्थानीय तहसँग सहकार्य, विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय नगरपालिकासँग सम्बन्ध स्थापित गरी अघि वढिनेछ ।

२३ सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिई कार्यक्रमहरु निर्धारण र सन्चालन गरिनेछ ।

२४ चालु खर्चको न्यूनीकरण गर्दै पुजिगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारीता र प्रतिफल बढाउने, राजस्वका स्रोतहरु बढाउने, राजस्वको प्रभावकारी परिचालन गर्ने दिशामा अघि वढिनेछ । **“समृद्ध जैमिनी सुखी जैमिनी”** नगरवासीको दीर्घकालिन उद्धेस्य प्राप्त गर्ने अठोटलाई आत्मसाथ गर्दै अगाडि बढिनेछ । नगरपालिकाका बजारहरुलाई सौर्य उर्जाको माध्यमबाट उज्यालो बजार निर्माण नीति लिइनेछ ।

२५ सामाजिक सुरक्षा भत्तालाई वैंकिङ प्रणालीबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिदै असक्षमहरुको घरदैलोमा रकम वितरण गर्न वैकहरुलाई शाखा रहित बैंकिङ प्रणाली अपनाउन अनुरोध गरिनेछ ।

२६ कृषि क्षेत्रको विकासका लागि पकेट क्षेत्रहरुको पहिचान, मुल्य अभिबृद्धियुक्त उत्पादन, व्यवशायिक खेती, नगदे खेती एवं उच्च सम्भावनायुक्त फलफूलहरुको खेती, कृषि प्रणालीलाई व्यापार र उद्योगसँग आवद्ध गर्ने, सिचाई, मल विउको सहज उपलब्धता र सिचाईको विस्तारमा जोड दिईनेछ । एक वडा एक उत्पादन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२७ कृषि, पर्यटन र व्यापारको प्रवर्द्धन गर्दै स्थानीय पूर्वाधार निर्माणलाई यी क्षेत्रहरुको विकासका लागि सहयोग गरी सन्चालन गरिनेछ । कालिगण्डकी कोरिडोर क्षेत्रमा आवश्यक पूर्वाधार तयार गरी एकीकृत वस्ती विकासको कार्यक्रम अगाडी वढाउन पहल गरिनेछ ।

२८ विकासमा जनसहभागिता सुनिश्चिता गरी विकास निर्माणमा जनताको अपनत्व विकास गर्न नगरपालिकाले सन्चालन गर्ने प्रवर्द्धनात्मक कार्यक्रम वाहेक अन्य पूजी निर्माणका कार्यक्रममा उपभोक्ता समितिको नगद एवं वस्तुगत सहभागितालाई निरन्तरता दिईनेछ । नगरमा **“विकास बचाऔ अभियान”** संचालन गरिनेछ । नगर सदरमुकामलाई नगद सहभागीतामा कालोपत्रे गर्ने कामको थालनी गरिनेछ ।

२९ प्रत्येक नागरिकको स्वास्थ्य प्रवर्द्धन, उचित मुल्यमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने, आफूले खरिद गरेको वस्तु तथा सेवाको पूर्ण जानकारी प्राप्त गर्ने लगायतका व्यवस्थाका लागि बजारको अनुगमन तथा उपभोक्ताहितको संरक्षण गर्ने कार्यलाई तिव्रता दिईनेछ ।

३० अवैज्ञानिक भूउपयोगलाई नियन्त्रण गर्ने, वातावरणीय व्यवस्थापन, प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोगका लागि समग्र नगरक्षेत्रको वातावरणीय अध्ययन गर्ने, बाढी एवं पहिरो नियन्त्रणका लागि कार्यक्रम संचालन तथा जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछन ।

३१ उर्जा सुरक्षालाई ध्यान दिई विद्युतको नियमित आपूर्तिका लागि पहल एवं वैकल्पिक उर्जा प्रवर्द्धन, नगरका प्रमुख स्थानहरुमा सडक सौर्य बत्ति जडान गर्ने कार्यक्रममा जोड दिईनेछ ।

३२ नगरको **"विपद व्यवस्थापन योजना"** अनुसार राहत, उद्धार सामाग्रीको व्यवस्थापन, विपद नक्साङ्कन, तालिम, विपद व्यवस्थापन कोष, आपतकालिन कार्य सन्चालन लगायतका कार्य सन्चालन गरिनेछ ।

३३ सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने गरी खानेपानी तथा सरसफाइका कार्यक्रम सन्चालन गरिनेछ । आगामी ४ वर्ष भित्रका नगरका सबै वडाहरुलाई पूर्णसरसफाईयुक्त वडा घोषणा गरी सकिनेछ ।

३४ जैमिनी नगरपालिका क्षेत्रका शहरहरुमा सहरी सुन्दरता प्रवर्द्धन, धार्मिक सम्पदाहरुको विकास सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

३५ साँस्कृतिक सम्पदाहरुको संरक्षण, परम्परागत संस्कृतिको प्रवर्द्धन, भेषभुषाहरुको प्रोत्साहन, धार्मिक सम्पदाहरुको विकास सम्बन्धि क्रियाकलापलाई निरन्तरता दिईनेछ ।

३६ आर्थिक एवं सामाजिक रुपले विपन्न वर्गको संरक्षण र हितको कार्यक्रम, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, क्षमता विकास कार्यक्रम, लक्षित वर्ग कार्यक्रमलाई निरन्तरता दिईनेछ । महिला, दलित, युवा, जनजातिलाई सीपमूलक तालिम दिइनेछ ।

३७ सफा र स्वच्छ तथा हरियाली जैमिनीका लागि सरसफाई र सामाजिक स्थलमा शहरी सौन्दर्य अभिबृद्धि गर्न वृक्षारोपण गरी स्वच्छ वातावरण स्वस्थ्य जीवन उपयोगितालाई प्राथमिकता दिईनेछ । नगरपालिकाका सीमाहरुलाई आकर्षक बनाइनेछ ।

३८ फोहर व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा जोड दिई जैविक एवं अजैविक फोहोर छुट्याउने, प्लाष्टिकजन्य पदार्थको प्रयोगमा नियमन र दुरुत्साहन, व्यवस्थित डम्पिङसाईटको निर्माण जस्ता क्रियाकलापमा जोड दिईनेछ ।

३९ स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सर्वसाधारणको पहुंचयोग्य बनाउन प्रयास गरिनेछ । स्वास्थ्य विमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुगमनमा जोड दिईनेछ । कम खर्चिला घुम्ती स्वास्थ्य शिविरहरु सन्चालन गरिनेछन् ।

४० जैमिनी समृद्धिका लागि वन कार्यक्रम, वैज्ञानिक वन व्यवस्थापन, वृक्षारोपण, वन पैदावार व्यवस्थापन, वन्यजन्तुको सुरक्षाको लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ । आर्थिक रुपले महत्वपूर्ण जडिवुटी, कृषि, वन तथा गैर कृषि वन पैदावारको व्यवशायिक खेती र उत्पादन बृद्धिलाई प्रोत्साहन गरिनेछ । जडिबुटी प्रशोधन केन्द्र स्थापनाको लागि सम्भाव्यताको खोजि गर्न पहल गरिनेछ ।

४१ अपाङ्गता भएका व्यक्तिको संरक्षण, जेष्ठ नागरीकको सम्मान, बालवालिकाको विकासका लागि वालमैंत्री कार्यक्रम संचालन गरिनेछ । सामाजिक समावेशीकरणको नीतिलाई अवलम्बन गरिनेछ । विश्रामस्थल निर्माण कार्यको पनि थालनी गरिनेछ ।

४२ खेल प्रतियोगिता र खेल प्रतिभा पहिचानलाई प्रोत्साहन गर्नुका साथै खेल पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४३ नगरको सुरक्षाका लागि एकीकृत रुपमा गर्नुपर्ने कार्यहरुको पहिचान गरी नगर सुरक्षा योजना निर्माण गरिनेछ ।

४४ आफ्नो अधिकार क्षेत्रभित्र रही सूचना तथा संचार क्षेत्रलाई व्यवस्थित बनाउनका लागि आवश्यक पहलकदमी गरिनेछ । नगरपालिकालाई सूचनासँग दैनिक जोडिनेछ । सञ्चारमैंत्री नगरपालिका बनाइनेछ ।

४५ सार्वजनिक प्रशासन सन्यन्त्रलाई चुस्त, दुरुस्त, सेवाग्राहीमैत्री, सुशासनयुक्त, सक्षम, प्रविधिमैंत्री बनाउदै कार्यसम्पादन करारको अवधारणालाई लागु गरिनेछ । सेवा प्रवाहलाई सहज रुपमा नागरिक मैत्री बनाउन र सुशासनलाई प्रवर्द्धन गर्न नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, मिडिया परिचालन, गुनासो व्यवस्थापन जस्ता कार्यलाई व्यवस्थित रुपमा सन्चालन गरिने छ र सवै योजना तथा कार्यक्रमलाइ व्यवस्थित र पारदर्शी ढंगबाट दीगोरुपमा सन्चालन गर्न उपभोक्ता समितिको क्षमता अभिबृद्धि गर्दै लगिने छ । सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ । संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

४६ न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा जोड दिईनेछ ।

४७ नगरक्षेत्रका सार्वजनिक जग्गाहरुको खोजी, संरक्षण, उपयोग र सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमणलाई निरुत्साहन गर्न प्रभावकारी क्रियाकलाप सन्चालन गरिनेछ ।

४८ जैमिनी क्षेत्रका ताल तथा महत्वपूर्ण नदी तथा ताल तलैयाको जलाधार क्षेत्र संरक्षणका लागि एकीकृत जलाधार संरक्षण कार्यक्रम सन्चालन गरिनेछ । नगरका प्रमुख नदी क्षेत्र र खोलामा अवैध तरिकाबाट माछा मार्ने कार्यलाई पूर्णरुपमा वन्देज लगाईनेछ ।

४९ सवै वडामा वडास्तरीय खेल मैदान निर्माण गरिनेछ । यसै आर्थिक वर्षमा केन्द्र वा आसपास वडामा सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने नीति लिईनेछ ।

५० सम्पूर्ण जाति, लिंग, वर्ग, अल्पसंख्यक मुस्लिम लगायत सम्पूर्ण समुदायमा जातीय तथा सामाजिक सद्भाव कायम राख्दै सुन्दर तथा शान्त जैमिनी निर्माणमा जोड दिईनेछ ।

५१ नगरपालिकाको आफ्नो श्रोत, साधन र जनशक्तिले सम्पन्न गर्न नसकिने प्रकृतिका मझौला तथा ठुला योजनाहरुलाई प्राथमिकताको आधारमा संघीय र प्रदेश सरकारको समन्वय र सहकार्यमा लागत सहभागिताको आधारमा कार्यान्वयन गर्न पहल गरिनेछ ।

५२ जैमिनी नगरपालिकामा रहेका जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकास गर्न तथा विकासका अनुभवसँग जोड्न तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

५३ जैमिनी नगरस्तरीय गौरवका आयोजना र वडास्तरका गौरवका आयोजनाहरु पहिचान गरि जनताका असिमित चाहनाहरुलाई सम्बोधन गर्ने प्रयास गरिनेछ ।

५४ नगरस्थित सवै जैमिनी नगरबासी जनताका आवश्यकता र चाहनाहरु असिमित छन । सिमित स्रोत र साधनले सवै आवश्यकताहरु पुरा गर्न सम्भव छैन । तथापि सवै वर्ग, क्षेत्र, लिंग, जातजाती, भौगोलिक अवस्था, आवश्यकता र वास्तविकताको पहिचान गरी प्राथमिकताको आधारमा समावेशी र सन्तुलित विकासमा जोड दिने गरी आगामी आ.व. २०७५।७६ को बजेट, नीति तथा कार्यक्रम अगाडी वढाउने नीति लिईएको छ ।

अन्तमा जैमिनी नगरपालिका समृद्धिको यात्रातर्फ अग्रसर गराउन योगदान पुऱ्याउनु हुने राजनैतिक दलहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । जैमिनीको समस्त आर्थिक, सामाजिक विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, नीजी तथा सहकारी क्षेत्र, नागरिक समाज बुद्धिजीवि आम सन्चार जगत तथा सम्पूर्ण जैमिनीवासीलाई धन्यवाद दिन्छु । साथै जैमिनीको विकास प्रयासमा सहयोग पुऱ्याउने राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था तथा जैमिनी विकासका साझेदारहरुलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।